# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मितिः २०७५।१२।२७ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

---

नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, भिस्वा, वीरगञ्जको प्राथमिक शिक्षिका संगिता कुमारी यादवको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएकोले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षिका संगिता कुमारी यादवले बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट मध्यमा तहको परीक्षा उत्तीर्ण गरेको नक्कली/झुट्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवा प्रवेश गरेको तथा बढुवा नियुक्ती लिई लाभसमेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर गरेको पुष्टि हुन आएको हुँदा तत्कालीन शिक्षिका संगिता कुमारी यादवलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता